# मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७८

प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत मिति : २०७८।०७।१२

प्रदेश मन्त्रिपरिषद्बाट पहिलो संशोधन मिति : २०७९।०५।१६

प्रदेश सुशासन ऐन, २०७७ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेशको प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयलाई सम्झनुपर्दछ ।

(ख) "निर्देशक समिति" भन्नाले दफा ७ बमोजिमको निर्देशक समितिलाई सम्झनुपर्दछ ।

(ग) "समन्वय ईकाइ" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा रहने कार्यक्रम कार्यान्वयन तथा समन्वय ईकाइलाई सम्झनुपर्दछ ।

(घ) "अनुगमन समिति" भन्नाले दफा ९ बमोजिमको जिल्ला अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(ङ) "समन्वयकर्ता" भन्नाले दफा १४ बमोजिमको कार्यक्रम समन्वयकर्तालाई सम्झनुपर्दछ ।

(च) "स्थानीय तह" भन्नाले गाँउपालिका, नगरपालिका र उपमहानगरपालिकालाई सम्झनुपर्दछ ।

(छ) "कार्यक्रम" भन्नाले मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमलाई सम्झनुपर्दछ ।

(ज) "परियोजना" भन्नाले मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत सन्चालित परियोजना वा कार्यक्रम वा क्रियाकलापलाई सम्झनुपर्दछ ।

(झ) "सार्वजनिक परीक्षण" भन्नाले मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन गर्ने निकायले सञ्चालन गर्ने परियोजनाको लक्ष्य, उद्देश्य, बजेट खर्च तथा प्राप्त प्रतिफल वा उपलब्धिको बारेमा सरोकारवालाहरु बीच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्यांकन गर्ने कार्य सम्झनुपर्दछ ।

नरेन्द्र कुमार राना
प्रदेश सचिव

## परिच्छेद-२

## कार्यक्रमको उद्देश्य, रणनीति र कार्यक्षेत्र

३. कार्यक्रमको उद्देश्यः कार्यक्रमको उद्देश्य देहायबमोजिम रहेका छन् :-

(१) प्रदेशमा रहेका आधारभूत विद्यालय र बाल विकास केन्द्रहरुको भौतिक अवस्था तथा वातावरणीय पक्षमा सुधार गर्ने,

(२) विपद्का कारण क्षति भएका विद्यालयहरुको पूर्वाधार मर्मत सुधार गर्ने ।

(३) विद्यालयमा अध्यापनरत जनशक्तिको क्षमता विकास गर्न सूचना प्रविधि मैत्री शैक्षिक वातावरण तयार गर्ने ।

(४) विद्यालय छाड्ने प्रवृती कम गर्न आवश्यक विशेष कार्यक्रम सञ्चालन गर्ने ।

४. रणनीतिः यस कार्यक्रमको उद्देश्य प्राप्त गर्नका लागि देहायका रणनीतिहरु अवलम्वन गरिनेछ।

(१) विपदबाट क्षति भएका विद्यालयमा आधारभूत पूर्वाधारको मर्मत सम्भारको व्यवस्था गरी अध्ययन अध्यापनका लागि उपयुक्त शैक्षिक वातावरण सिर्जना गर्ने ।

(२) समुदाय र स्थान विशेषमा रहेका विद्यालयहरुको खास समस्या पहिचान गरी समस्या समाधानका लागि आवश्यक कार्य गर्ने ।

(३) इलेक्ट्रोनिक र डिजिटल उपकरणको व्यवस्था गरी विद्यालयमा विद्युतिय प्रणाली मार्फत अध्ययन अध्यापन हुने व्यवस्था मिलाउने ।

(४) लक्षित वर्ग, स्थानीय तह र गैर सरकारी संघसंस्था सगको संमन्वय र सहकार्यमा विशेष कार्यक्रम बनाई सञ्चालन गर्ने ।

५. लक्षित समूहः यस कार्यक्रमका लक्षित समूह देहाय बमोजिम हुनेछन् :-

(क) आधारभूत विद्यालय तथा वाल विकास केन्द्रहरुमा अध्ययनरत विपन्न र अपाङ्गता भएका बालबालिका,

(ख) आधारभुत तहका सामुदायिक र धार्मिक विद्यालयहरु,

(ग) विद्यालय वा समुदाय केन्द्रित वाल विकास केन्द्रहरु,

(घ) माध्यमिक र आधारभुत तहका विद्यालय तथा वाल विकास केन्द्रमा अध्यापनरत जनशक्ति,

(ङ) प्रौढ महिलाले अध्ययन गर्ने खुला/नमूना,महिला/गृहिणी विद्यालयहरु ।

नरेन्द्र कुमार राना
प्रदेश सचिव

## परिच्छेद-३

६. सञ्चालन गरिने क्रियाकलापः (१) यस कार्यक्रमअन्तर्गत देहायबमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ ।

(क) **शैक्षिक गुणस्तर सुधार सम्वन्धी कार्यक्रमहरुः**

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भर्ना गराउने र विद्यालय भर्ना भएका बालबालिकाहरुलाई विद्यालय छोड्नबाट रोक्नका लागि आवश्यक क्रियाकलाप सञ्चालन गर्ने ।

२. विपन्न तथा अपाङ्गता भएका विद्यार्थीहरुको विशेष आवश्यकता सम्बोधन गरी उनिहरुलाई विद्यालय छाड्न बाध्यहुने अवस्था अन्त्य गर्न उपयुक्त कार्य गर्ने,

३. विद्युतिय प्रणालीमार्फत अध्ययन अध्यापनका लागि आवश्यक पर्ने क्षमता विकास सम्वन्धी क्रियाकलाप संचालन गर्न सूचना प्रविधि पूर्वाधारको निर्माणमा सहयोग गर्ने ।

४. कम्पयूटर विज्ञान, भाषा, संगीत र खेलकुद विषयको जनशक्ति उपलब्ध गराउने ।

(ख) **पूर्वाधार निर्माण तथा मर्मत सम्भार सम्वन्धी क्रियाकलापः**

१. विद्यालयमा स्वच्छ,स्वस्थ खानेपानीको सुविधा उपलब्ध गराउने ।

२. विपदको कारणबाट पूर्वाधारमा भएको क्षतिको मर्मत सुधार गराउने कार्य ।

३. विद्यालयको प्रयोगात्मक परियोजन तथा सिकाईका लागि बगैंचा (Botanical Garden) निर्माण तथा मर्मत सम्भार सम्वन्धी कार्य,

४. विद्यालय भवन र उपयूक्त कक्षाकोठा व्यवस्थापन कार्य

५. विद्यालयमा कम्प्युटर ल्यावको व्यवस्था र इन्टरनेट सुविधा जडान कार्य,

६. विद्यालयको मनोरञ्जन पार्क तथा School Garden वा Botanical Garden निर्माण गर्ने कार्य ।

७. चक डस्टर रहितको कक्षाकोठा व्यवस्थापन कार्य,

८. संगीत र खेलकुद सामग्री उपलब्ध गराउने कार्य ।

(२) माथी उपदफा (१) मा उल्लेखित कार्यक्रमको कार्यक्षेत्र अन्तर्गत अनुसूची-१ बमोजिमको ढाँचामा आधारित परियोजनाहरु छनौट गरी सिफारिस गर्ने,

(३) कार्यक्रम छनोट तथा सिफारिस समितिले परियोजना छनौट गर्दा आर्थिक लगायतका स्रोत साधन न्यून भएका, अल्पसंख्यक र आर्थिक तथा सामाजिक रुपमा विपन्न समुदाय रहेको क्षेत्रका बालबालिका अध्ययनरत रहेका एवम द्वन्द तथा विपद प्रभावित क्षेत्रका बालबलिका अध्ययनरत रहेका विद्यालयहरुलाई प्राथमिकता दिनुपर्नेछ।

नरेन्द्र कुमार राना
प्रदेश सचिव

## परिच्छेद-४
## संरचनागत व्यवस्था र जिम्मेवारी

७. **निर्देशक समितिः** (१) यस कार्यक्रम कार्यान्वयनको लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ।

(क) मुख्यमन्त्री -अध्यक्ष
(ख) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव -सदस्य
(ग) सचिव, आर्थिक मामिला तथा सहकारी मन्त्रालय -सदस्य
(घ) सचिव, शिक्षा हेर्ने मन्त्रालय -सदस्य
(ङ) कार्यक्रम निर्देशक -सदस्य सचिव

(२) निर्देशक समितिले आवश्यकता अनुसार बिज्ञहरुलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) निर्देशक समितिको योजना तथा परियोजना स्वीकृत गर्ने बैठकमा सम्बन्धित प्रदेशसभा सदस्यलाई आमन्त्रण गरीनेछ ।

(४) निर्देशक समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) कार्यक्रमको समग्र समन्वय, नियमित अनुगमन, सहजीकरण र समीक्षा गर्ने,
(ख) कार्यक्रम प्रभावकारी वनाउन आवश्यक नीतिगत निर्णयहरु गरी कार्यान्वयन गर्ने, गराउने,
(ग) स्थानीय तहहरुमा सञ्चालन हुने कार्यक्रमको पहिचान तथा सिफारिसका लागि आवश्यक मार्गदर्शन तथा सुझाव दिने,
(घ) स्थानीय तहहरुबाट कार्यक्रम पहिचान तथा छनौटका लागि आवश्यक भए क्षेत्रगत ढाँचा तोक्ने,
(ङ) कार्यक्रम निर्देशकबाट पेश भएका कार्यक्रम वा परियोजना स्वीकृत गर्ने ।
(च) अन्य आवश्यक कार्यहरु गर्ने,

(५) निर्देशक समितिको कार्यसञ्चालन समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **कार्यक्रम कार्यान्वयन तथा समन्वय इकाईः** (१)कार्यालयमा एक कार्यक्रम कार्यान्वयन तथा समन्वय ईकाइ रहनेछ।

(२) समन्वय इकाईमा अनुसूची-२ मा उल्लेख भए बमोजिम जनशक्ति रहनेछ।

(३) यस कार्यविधिमा अन्यत्र लेखिएका विषयका अतिरिक्त कार्यक्रम समन्वय ईकाइका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

(क) निर्देशक समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,
(ख) कार्यक्रम सम्वन्धमा निर्देशक समितिबाट गर्नुपर्ने नीतिगत तथा अन्य निर्णयहरुका सम्वन्धमा आवश्यक तयारी गर्ने,

रेन्द्र कुमार राना
प्रदेश सचिव

(ग) कार्यक्रम सञ्चालनको सम्वन्धमा निर्धारण गर्नुपर्ने मापदण्ड र फारामहरुको ढाँचा तयार गरी स्वीकृत गराउने,

(घ) अनुगमन समिति र स्थानीय तहहरुसँग कार्यक्रम कार्यान्वयन सम्वन्धमा आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ङ) कार्यक्रमको नियमित रुपमा प्रगति प्रतिवेदन लिई एकीकृत प्रतिवेदन निर्देशक समिति समक्ष पेश गर्ने,

(च) कार्यक्रमको नियमित सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन निर्देशक समितिमा पेश गर्ने,

(छ) स्थानीय तहहरुलाई कार्यक्रम, बजेट खर्चको लेखापालन र लेखा परीक्षणका लागि आवश्यक सहजीकरण गर्ने,

(ज) कार्यक्रम सम्वन्धी एकीकृत अभिलेख तयारी, सूचनाको विश्लेषण सहित वार्षिक प्रतिवेदन तयार गर्ने,

(झ) कार्यालयले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

(४) समन्वय ईकाइले कार्यालयको शासकीय सुधार तथा समन्वय महाशाखा मार्फत कार्यालयमा सम्पर्क गर्ने ।

९. **जिल्ला अनुगमन समितिः** (१) प्रत्येक जिल्लामा देहाय बमोजिमको एक मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम, जिल्ला अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| (क) प्रमुख, जिल्ला समन्वय समिति | -संयोजक |
| (ख) कार्यालय प्रमुख, शिक्षा समन्वय इकाइ | -सदस्य |
| (ग) जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समिति | -सदस्य |
| (घ) कार्यक्रम समन्वयकर्ता | -सदस्य सचिव |

नोटः कुनै स्थानीय तहको कार्यक्रम अनुगमन गर्दा स्थानीय तह जुन निर्वाचन क्षेत्रमा पर्दछ सोही निर्वाचन क्षेत्रबाट निर्वाचित प्रदेश सभा सदस्य आमन्त्रित सदस्यको रुपमा रहनेछ।

(२) अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिले आफ्नो कार्यविधि आँफै निर्धारण गर्न सक्ने,

(ख) समितिले लक्षित समूहको पहिचान तथा योजना/परियोजनाको पहिचान गर्ने कार्यमा स्थानीय तहलाई आवश्यक सहयोग उपलब्ध गराउने,

(ग) योजना/परियोजनाहरुको स्थानीय तहबाट चौमासिक प्रतिवेदन लिने र आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(घ) समितिले आफ्नो बैठकका निर्णयहरुको अभिलेख आवश्यक प्रक्रिया समेत देखिने गरी व्यवस्थित रुपमा राखेछ,

(ङ) यस कार्यक्रम अन्तर्गत सञ्चालित योजना/परियोजनाहरुलाई थप प्रभावकारी वनाउन आवश्यक सुझावहरु निर्देशक समितिमा पठाउने ।

रन्द्र कुमार राना
प्रदेश सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बुटवल, नेपाल

१०. **कार्यक्रम निर्देशक** : (१) कार्यक्रम कार्यान्वियनलाई सहजीकरण, सहयोग र समन्वय गर्न मुख्यमन्त्रीबाट एक कार्यक्रम निर्देशक नियुक्त गरिनेछ ।

(२) कार्यक्रम निर्देशकको काम, कर्तव्य, अधिकार देहायबमोजिम हुनेछ ।

(क) स्थानीय तहमा रहेका सामुदायिक धार्मिक विद्यालय तथा वाल विकास केन्द्रहरुको आवश्यक तथ्यांङ्क तथा विवरण तयार गर्ने, गराउने,

(ख) संकलित विवरणका आधारमा योजना/परियोजना पहिचान र छनौट गर्न सम्बन्धित स्थानीय तहलाई सहयोग गर्ने,

(ग) स्थानीय तहबाट पहिचान र छनौट गरिएका योजना/परियोजना समयमा नै निर्देशक समितिमा पेश गर्ने,

(घ) छनौट भएका योजना/ परियोजनाहरु अनुगमन गर्न जिल्ला अनुगमन समितिलाई सहयोग तथा सहजीकरण गर्ने,

(ङ) स्वीकृत योजना/परियोजना लक्षित वर्गसँगको सहकार्य र समन्वयमा कार्यान्वयन गर्ने गराउने कार्यमा सहयोग गर्ने,

(च) कार्यक्रम कार्यान्वयन अवस्थाको अनुगमन, सुपरिवेक्षण गरी मासिक, चौमासिक र वार्षिक प्रतिवेदन तयार गरी निर्देशक समितिमा पेश गर्ने ।

(छ) अनुगमन समितिबाट प्राप्त भएका सुझावहरु निर्देशक समितिमा पेश गरी प्राप्त निर्देशन अनुसार कार्यान्वयन गर्ने,

(ज) चौमासिक रुपमा प्रतिवेदन तयार गर्ने ।

११. **कार्यक्रम निर्देशकको योग्यता** :- कार्यक्रम निर्देशकको योग्यता देहायबमोजिम रहनेछ :

(क) तीस वर्ष उमेर पुरा भएको,

(ख) कम्तिमा पाँच वर्ष कानून, जनप्रशासन, विकास प्रशासन, व्यवस्थापन, इन्जिनियरिङ, लेखा, राजस्व, विज्ञान तथा प्रविधि, कला ,शिक्षा तथा साहित्य वा सामाजशास्त्रको क्षेत्रमा निरन्तर अनुसन्धान वा काम गरेको,

(ग) खण्ड (ख) मा उल्लेख भएका विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,

(ङ) प्रचलित कानून बमोजिम दामासाहीको अवस्थामा नरहेको।

१२. **कार्यक्रमको छनौट, सिफारिस तथा कार्यान्वयनः** (१) प्रत्येक स्थानीय तहमा देहाय बमोजिमको एक कार्यक्रम छनौट तथा सिफारिस समिति रहने छ ।

| | |
|---|---|
| क) सम्बन्धित स्थानीय तहको प्रमुख वा अध्यक्ष | – संयोजक |
| ख) मुख्यमन्त्रीबाट मनोनित कम्तीमा १ जना महिला सहित २ जना | – सदस्य |
| ग) स्थानीय तहको शिक्षा हेर्ने प्रमुख | -- सदस्य |
| घ) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत | – सदस्य सचिव |



...रेन्द्र कुमार राना
प्रदेश सचिव

२) यसरी कार्यक्रम सिफारिस गर्दा कार्यक्रम सञ्चालन हुने स्थानमा सोही प्रकारका कार्यक्रमहरु अन्य विकास साझेदारबाट सञ्चालन भए, नभएको समेत यकिन गर्नुपर्नेछ।

३) समन्वयकर्ताले छनौट समितिबाट छनौट भई आएका योजना/परियोजना देहाय बमोजिमका आधारमा प्राथमिकीकरण गरी समन्वय ईकाइमा सिफारिस गरी पठाउने छ ।

(क) आन्तरिक स्रोत साधन न्यून भएका,

(ख) विद्यार्थीको संख्या न्यून भई गाभ्ने/गाभिने संभावना कम भएका,

(ग) भौतिक तथा वातावरणीय पूर्वाधारहरु कमजोर रहेका,

(घ) सरकारी तथा गैर सरकारी क्षेत्रबाट सोही विद्यालयको लागि वजेट विनियोजन नभएका,

(ङ) सूचना तथा सञ्चार प्रविधिको उपयोग गरी अध्यापन गर्न संभव भएका,

(च) अन्य निकाय वा स्रोतबाट जनशक्ति, तालिम उपलब्ध हुने संभावना नभएका।

४) कुनै कारणवस कार्यक्रम छनौट तथा सिफारिस समितिबाट कार्यक्रम छनौट तथा सिफारिस हुन नसकेमा समन्वय कर्ताले समवन्धित प्रदेश सभा सदस्य, स्थानीय तहको जनप्रतिनिधि र विधालय समेतको परामर्शमा कार्यक्रम वा परियोजना छनौट तथा सिफारिस गरि समन्वय इकाईमा पठाउनु पर्ने छ ।

५) कार्यक्रम/परियोजना स्वीकृत गर्दा स्थानीय तहमा विनियोजित बजेटको सीमालाई आधार मान्नुपर्नेछ ।

६) सम्बन्धित स्थानिय तहले निर्देशक समितिबाट स्वीकृत कार्यक्रम वा परियोजना कार्यान्वयन गर्नु पर्ने छ ।

७) कार्यक्रम छनौट समितिले निर्देशक समितिबाट तोकिएको कार्यक्रम संख्याको २० प्रतिशत थप संख्यामा छनौट गरी समन्वय ईकाइमा सिफारिस गर्नेछ ।

८) सम्बन्धित स्थानीय तहले आफ्नो स्थानिय तहमा संचालित कार्यक्रमलाई थप प्रभाकारी बनाउन आवश्यक सुझावहरू अनुगमन समिति र समन्वय ईकाइलाई सिफारिस गर्नु पर्ने छ ।

९) कार्यक्रम छनौट समितिको बैठक र यस कार्यक्रमसंग सम्वन्धित अन्य योजना तथा परियोजना सम्वन्धी गतिविधिहरुमा जिल्ला समन्वयकर्तालाई अनिवार्य रुपमा आमन्त्रण गर्नु पर्नेछ ।

१०) आफ्नो स्थानीय तहमा संचालित कार्यक्रमहरूको निरन्तर अनुगमन र मूल्याङकन गरी स्थानिय तहले जिल्ला अनुगमन समिति र समन्वय ईकाइमा प्रतिवेदन दिनु पर्ने छ ।

११) कार्यक्रम छनौट तथा सिफारिस समितिको बैठकमा भागलिने सदस्यले बैठक भत्ता वापत प्रति बैठक एक हजार रूपैया पाउने छ ।

**१३. जिल्ला समन्वय समितिको कार्यालयको जिम्मेवारी :**

१. योजना/परियोजनाहरु पहिचान तथा छनौट गर्न स्थानीय तहलाई र समन्वय ईकाईमा सिफारिस गर्न आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने,

२. अनुगमन समितिलाई कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नका लागि भौतिक, आर्थिक तथा मानवीय सहयोग उपलव्ध गराउने,

३. अनुगमन समितिलाई सचिवालय सेवा उपलब्ध गराउने,

४. कार्यक्रम समन्वयकर्तालाई आवश्यक सहयोग गर्ने ।

परिच्छेद-५
जनशक्ति व्यवस्था

१४. **कार्यक्रम समन्वयकर्ता** : (१) स्थानीय तहहरुसँग सहजीकरण र समन्वय गर्न हरेक जिल्लामा एक जना जिल्ला कार्यक्रम समन्वयकर्ता रहनेछन।

(२) समन्वयकर्ताको सम्पर्क कार्यालय मुकाम जिल्ला समन्वय समितिको कार्यालयमा रहनेछ।

(३) कार्यक्रम समन्वयकर्ताको योग्यता : कार्यक्रम समन्वयकर्ताको योग्यता देहायबमोजिम हुनेछः

(क) स्नातक तह उत्तीर्ण गरेको,

(ख) २१ वर्ष उमेर पूरा भएको,

(ग) नेपाली नागरिक ।

१५. **कर्मचारीको नियुक्तिः** (१) कार्यक्रमका लागि आवश्यक कर्मचारी नियुक्तिका लागि कार्यक्रम निर्देशकले निर्देशक समिती समक्ष सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जिल्ला समन्वयकर्ताको सिफारिस गर्दा सकभर सम्बन्धित जिल्लाको नागरिकलाई छनौट गर्नुपर्नेछ ।

(३) निर्देशक समितीबाट छनौट भएका कर्मचारीलाई कार्यालयले सेवा करार सम्झौता गरी नियुक्त गर्नेछ ।

१६. **कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनः** (१) स्थानीय तहले योजना/परियोजनाको अनुगमनको मासिक प्रतिवेदन अनुगमन समिति र समन्वय ईकाइमा पठाउनु पर्नेछ ।

(२) अनुगमन समितिले सम्बन्धित जिल्लाबाट प्रदेशसभामा प्रतिनिधित्व गर्ने प्रदेशसभा सदस्यहरु समेतको सहभागीतामा कार्यक्रमको चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन कार्यक्रम कार्यान्वयन तथा समन्वय ईकाइमा पठाउनेछ ।

(३) समन्वय ईकाईले आवश्यकता अनुसार स्थानीय तहहरुमा सञ्चालित कार्यक्रमहरुको सुपरिवेक्षण र अनुगमन गर्नेछ ।

(४) समन्वय इकाईले स्थानीय तह तथा कार्यक्रम अनुगमन समितिबाट भएको प्रतिवेदन समेतलाई आधारमानी वार्षिक रुपमा समग्र कार्यक्रमको मूल्याङ्कन गर्नेछ ।

(५) अनुगमन तथा मूल्याङ्कनको लागि निर्देशक समितिले निर्धारण गरेको कार्यविधि तथा प्रक्रिया अनुसरण गरिनेछ ।

१७. **बजेट खर्च, लेखापालन, लेखापरीक्षण र कार्यक्रमको वित्तीय नियन्त्रणः** (१) स्थानीय तहहरुलाई रकम निकासा दिंदा विशेष अनुदान स्वरुप वार्षिक बजेटमार्फत वित्तीय हस्तान्तरण गरिनेछ।

(२) उपदफा १ बमोजिम विशेष अनुदानमार्फत प्राप्त रकमको प्रचलित कानून अनुसार लेखा परीक्षण गरी सोको प्रतिवेदन कार्यक्रम कार्यान्वयन तथा समन्वय ईकाइमा पठाउनुपर्नेछ ।



...न्द्र कुमार राना
प्रदेश सचिव

(३) कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहले सञ्चालन गर्ने योजना/परियोजनाको बारेमा सरोकारवालाहरु बीच जानकारी गराउने, लेखाजोखा गर्ने तथा मूल्यांकन गराउने उद्देश्यका साथ तेश्रो चौमासिक अवधिभित्र सार्वजनिक परीक्षण गराउनुपर्नेछ ।

(४) समन्वय इकाइले कार्यक्रमको लागि आवश्यकता अनुसार विभिन्न मापदण्ड र फारामहरु निर्धारण गर्न सक्नेछ। यस प्रकारको मापदण्ड र फारामहरुको प्रयोग यस कार्यबिधि र समय समयमा गरेका परिपत्रहरु बमोजिम हुनेछ ।

(५) समन्वय इकाईको संचालन सम्बन्धी खर्च मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने छ ।

१८. बाधा अड्काउ फुकाउ : (१) यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा निर्देशक समितिले त्यस्तो बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

(२) यो कार्यक्रम कार्यान्वयन सम्बन्धमा कुनै बाधा अड्काउ परेमा मुख्यमन्त्रीको निर्णयबमोजिम हुनेछ ।

रेन्द्र कुमार राना
प्रदेश सचिव

अनुसूची-१

(दफा ६ सँग सम्बन्धित)

## सञ्चालन गर्न सकिने क्षेत्रगत योजना/परियोजनाहरुको ढाँचा

| | | | |
|---|---|---|---|
| अ. पूर्वाधार निर्माण तथा मर्मत सम्भार सम्वन्धी कार्यक्रम | | | |
| क्र.सं. | कार्यक्रमको क्षेत्र | योजना/परियोजनाको ढाँचा | कार्यान्वयन पद्धति |
| १ | विद्यालयमा स्वच्छ, स्वस्थ खानेपानीको सुविधा उपलव्ध हुने कार्यक्रम, | -स्वच्छ स्वस्थ खानेपानीको लागि धारा, टङ्किको व्यवस्था। - विद्यालयमा फिल्टर, युरोगार्ड लगायतको व्यवस्था गर्ने। | -स्वच्छ, स्वस्थ खानेपानीको लागि आवश्यक सामग्री खरिद र वितरण। |
| २ | विपदका कारणबाट पूर्वाधारमा भएको क्षतिको मर्मत सम्भार गर्ने कार्य । | क्षति भएका विद्यालयको मर्मत सम्भार गर्ने । | -प्राकृतिक प्रकोपका कारण क्षति भएका विद्यालयहरुमध्ये अति क्षति भएका विद्यालयहरु छनौट गरी मर्मत गर्ने । |
| ३ | मनोरञ्जन पार्क तथा School Garden वा Botanical Garden निर्माण गर्ने । | बा.वि.के. तहको बालबालिकालाई विद्यालय प्रति आकर्षित गर्ने प्रकृतिको बाल उद्यान निर्माण गर्ने वा भएकालाई मर्मत गर्ने र आ.बि तथा मा.बि. बिधार्थीहरूका लागी School Garden वा Botanical Garden निर्माण र संचालन गर्ने । | |
| ४ | कम्प्यूटर तथा बिज्ञान प्रयोगशाला निर्माण, मर्मत सम्भार सम्वन्धी कार्यक्रम, | -आ.वि तथा मा.वि तहका विद्यालयहरुमा कम्प्युटर/बिज्ञान प्रयोगशालाको निर्माण र मर्मत सम्भार सम्वन्धी कार्यक्रम । | |
| ५ | चक डस्टर रहित कक्षा कोठा व्यवस्थापन साथै संगीत र खेलकुद सामाग्रि उपलव्ध गर्ने कार्यक्रम | -माध्यमिक र उच्च शिक्षा सञ्चालन भएका विद्यालयमा डिजिटल वोर्ड, प्रोजेक्टर लगायतको माध्यमबाट अध्यापन गर्ने कार्य। | ईलेक्टोनिक उपकरणको माध्यमबाट अध्यापन गर्न आवश्यक सामग्री साथै संगीत तथा खेलकुद सामाग्रीको खरिद र वितरण। |
| आ. विद्यालयको शैक्षिक गुणस्तर सुधार सम्वन्धी कार्यक्रमहरु | | | |
| १ | विद्युतिय अध्ययन अध्यापनका | -इन्टरनेटको व्यवस्था गर्ने। | |



रेन्द्र कुमार राना
प्रदेश सचिव

| | | | |
|---|---|---|---|
| | लागि आवश्यक डिजिटल उपकरणहरुको खरिद सम्वन्धी कार्यक्रम | -ल्यापटप र प्रोजेक्टर मार्फत अध्ययन अध्यापन गर्ने व्यवस्था गर्ने।<br>- अनलाइन कक्षा सञ्चालनको व्यवस्था मिलाउने। | |
| २ | विद्युतिय शैक्षिक व्यवस्थापन प्रणालीमार्फत अध्ययन अध्यापनका लागि सफ्टवेयर र जनशक्ति क्षमता विकास सम्वन्धी कार्यक्रमहरु | - आ.बि र मा.बि.मा अध्यापनरत जनशक्तिको विद्युतिय उपकरणमार्फत अध्यापन गर्न सक्ने क्षमता विकास गर्ने। | |
| ३ | विद्यालयमा कम्प्युटर विज्ञान भाषा, संगीत तथा खेलकुद विषयको जनशक्ति उपलब्ध गराउने। | - कम्प्युटर बिज्ञान शिक्षक उपलब्ध गराउने।<br>- कुनै भाषाका विद्यार्थी बढी भएको विद्यालयमा भाषा शिक्षक उपलब्ध गराउने।<br>- संगीत शिक्षक उपलब्ध गराउने।<br>-खेलकुद शिक्षक उपलब्ध गराउने। | - शिक्षक स्थानीय तहले छनौट गरी निजको पारिश्रमिक सम्बन्धित स्थानीय तहले उपलब्ध गराउने छ । |
| ४ | विद्यालयमा अध्यापनरत जनशक्तिको सीप विकास सम्वन्धी कार्यक्रम | बा.वि.के,आ. बि. तथा मा. वि. मा अध्यापनरत जनशक्तीको शिक्षण सिकाई सम्बन्धि सीप विकास गर्ने । | -मन्टेश्वरी लगायत विभिन्न शिक्षण सिकाई सीपको तालिमहरु सञ्चालन गर्ने । |

कुमार राना
प्रदेश सचिव

## अनुसूची-२
(दफा ८ सँग सम्बन्धित)

कार्यक्रम कार्यान्वयन तथा समन्वय इकाईमा रहने जनशक्ति विवरण :

| | |
|---|---|
| कार्यक्रम निर्देशक (अधिकृत नवौं सरह) | १ जना |
| अनुगमन अधिकृत (अधिकृत सातौं सरह) | २ जना |
| कार्यालय सहायक(सहायक चौथो) | १ जना |
| सहायक कम्प्युटर अपरेटर(सहायक चौथो) | १ जना |
| कार्यालय सहयोगी | २ जना |

...न्द्र कुमार राना
प्रदेश सचिव